# लेखापरीक्षण प्रतिवेदन

## घ्याङलेख गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# घ्याङलेख गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/404

श्रीमान् अध्यक्षज्यू,

घ्याङलेख गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/404

श्रीमान् अध्यक्षज्यू,
घ्याङलेख गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय-व्ययतर्फ गरी जम्मा रु.९० करोड ५९ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड २९ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५० लाख ९९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.७ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख ४२ हजार र नियमित गर्नुपर्ने रु.६० लाख ७७ हजार गरी जम्मा रु.७८ लाख ७७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.१४ करोड २७ लाख १३ हजार मध्ये रु.१५ लाख २२ हजार सम्परीक्षण भई यस वर्षको थप रु.७८ लाख ७७ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.१४ करोड ९० लाख ६८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वियन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६७ | २२ | १,२९,७५,६३८ | ० | ९ | ५०,९८,८०६ | ० | ६७ | १३ | ७८,७६,८३२ | ७,५८,२०० | ६०,७७,०१२ | १०,४१,६२० | ० | ० | ७१,१८,६३२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | १४,२७,१३,१३३ | | १५,२१,५७३ | १४११९१५६० | ० | ७८,७६,८३२ | १४९०६८३९२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ३१ | सडक वोर्ड तर्फः | २१,१३६ |
| २ | २०८१/८२ | ५२ | बढी भुक्तानी | २८,३५० |
| ३ | २०८१/८२ | २२ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | ७,८२० |
| ४ | २०८१/८२ | ४३ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान- | २६,००,००० |
| ५ | २०८१/८२ | ३५ | एम्बुलेन्स खरिद | २३,६१,५०० |
| ६ | २०८१/८२ | ३० | एजविल्ड नक्सा- | ८०,००० |
| ७ | २०८०/८१ | ६४ | लागत अनुमान अद्यावधिक नगरेको सम्बन्धामाः | १५,२१,५७३ |
| | | | | |

| | |
|---|---|
| जम्मा | ६६,२०,३७९ |

# घ्याङलेख गाउँपालिका, सिन्धुली

# ( ८०३२५५०२३०० )

# घ्याङलेख गाउँपालिका , सिन्धुली

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घ्याङलेख गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १६७ वर्ग किलोमिटर क्षेत्रफल तथा १२२३४ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।९ देखि २०८२।८।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ गरी जम्मा रु.९० करोड ५९ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको आ.व २०८१।०८२ को एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ

फिक्कल गाउँपालिका

आर्थिक वर्ष २०८१/२०८२

आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | | चालु खर्च | |
| १.संचित कोष | ५०८८८३९५ | १. पालिका तर्फ | १२२०७९५३६ |
| २.धरौटी | ६०९५०३१ | २. संघीय सशर्त | ११८७८१९५५ |
| ३.कार्यसञ्चालन कोष | | ३. संघीय विशेष | ० |
| विविध खर्च खाता | ५९५११४४ | ४. प्रदेश सशर्त | ८२७२६४८ |
| प्रकोप व्यवस्थापन कोष | ७३४३१३ | ५. प्रदेश विशेष | ० |
| कर्मचारी कल्याण कोष | ५००००01 | पुँजीगत खर्च | |
| ४. अन्य कोष | १२८९ | १. पालिका तर्फ | ६३०२३८५० |
| यस वर्षको आय | | २. संघीय सशर्त | ४९७७२०६ |
| १.आन्तरिक आय | ५२२०८७१ | ३. संघीय विशेष | ० |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४. संघीय समपुरक | २६७०१४६ |
| क) समानीकरण अनुदान | ६३७७३२०० | ५. प्रदेश सशर्त | २१६५०६४९ |
| ख) राजस्व बाँडफाँट | ७१६५४३९६ | ६. प्रदेश विशेष | ३५८६२१ |
| ग) सशर्त अनुदान | १४२५११५००० | ७. प्रदेश समपुरक | ६८०१३७६ |
| घ) समपुरक अनुदान | ८६२५००० | अन्तर सरकारीअख्तियारी (संघ) | |
| ङ) विशेष अनुदान | ० | क)सामाजिक सुरक्षा | ५४०६९७८१ |
| च) रोयल्टी | ० | ख)विद्यालय क्षेत्र विकास कार्यक्रम | १६८६००० |
| छ) अन्य | ० | ग)स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम | ४०००००० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | अन्तर सरकारीअख्तियारी (प्रदेश) | |
| क) समानीकरण अनुदान | ५९८०००० | ऋण फिर्ता(साँवा) | |
| ख) राजस्व बाँडफाँट | १७९२६५८९ | ऋणको ब्याज भुक्तानी | |
| ग) सशर्त अनुदान | ३१६६०००० | धरौटी फिर्ता तथा सदरस्याहा | २१३३४०६ |
| घ) समपुरक अनुदान | १६५५०००० | विविधखर्च खाता खर्च | ५५२३०७२ |
| ङ) विशेष अनुदान | ८०००००० | प्रकोपव्यवस्थापन कोष खर्च | १२०००० |
| च) रोयल्टी | | कर्मचारी कल्याण कोषखर्च | १६९८८४० |
| छ) अन्य | | अन्य कोषबाट भएको खर्च | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | गैरसरकारी संस्थाबाटसञ्चालित योजना | |
| क) सामाजिक सुरक्षा | ५४०६९७८१ | अन्य सहयोगमा सञ्चालितयोजना | |
| ख) विद्यालय क्षेत्र विकास कार्यक्रम | १६८६००० | अन्य खर्च भएमा | |

| | | | |
|---|---|---|---|
| ग) स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम | ४०००००० | अनुदान फिर्ता | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | १. संघ तर्फ | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | क) सशर्त अनुदान | १८७५५८३९ |
| ७. धरौटी आय | १४४७०८२ | ख) विशेष अनुदान | ० |
| ८. कार्यसञ्चालन कोष आय | | ग) समपुरक अनुदान | ५९५४८५४ |
| विविध खर्च खाता | ५०५९४६० | २. प्रदेश तर्फ | |
| प्रकोप व्यवस्थापन कोष | २०००००० | क) सशर्त अनुदान | १७३६७०३ |
| कर्मचारी कल्याण कोष | १०००००० | ख) विशेष अनुदान | ७६४१३७९ |
| ९. अन्य कोषको आय | ० | ग) समपुरक अनुदान | ९७४८६२४ |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | अन्तिम मौज्दात | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ० | १. संचित कोषकोमौज्दात | ३३४३४०७४ |
| १२.स्थानीय राजस्व बाडफाड | ३०९४००८ | २. धरौटी | ५४०८७०७ |
| | | 3. विविध खर्च खाता | ५४८७५३२ |
| | | 4. प्रकोप व्यवस्थापन कोष | २६१४३१३ |
| | | 5. कर्मचारी कल्याण कोष | ४३०११६१ |
| | | 6. अन्यकोष | १२८९ |
| जम्मा | ५१२९३१५६१ | जम्मा | ५१२९३१५६१ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५४०६९७८१, विद्यालय क्षेत्र विकास कार्यक्रमको रु.१६८६०००, र स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रमको रु.४०००००० समेत गरी रु.५९७५५९८१ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक हिसाब-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २३४९५३ र यस वर्षको प्राप्ति रु. ३७७५०४५३ फरक परेको देखियो भने सुत्र र एकीकृत आर्थिक विवरणले देखाएको वर्षान्तको मौज्दातमा फरक परेको देखिएन। गत वर्षको जिम्मेवारी र प्राप्तिमा फरक पर्नाको कारण कैफियत महलमा उल्लेख छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी रु. | यसवर्षको प्राप्ति रु. | यसवर्षको भुक्तानी रु. | बैङ्क मौज्दात रु. | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ६८९०५१२६ | ३३४१५४५१३ | ३५१८४३७८७ | ५१२४७०७६ | गत वर्षको जिम्मेवारी फरक पर्नुको कारण आ.व.२०८०।८१ मा रु.२३४९५३ सुत्रमा भएको समस्याको कारण दोहोरो कर दाखिला हुनु साथैप्राप्ति र भुक्तानीमा देखिएको फरक रकम रु. ३७७५०४५३.५० म.ले.फा.नं. २७०-०१ (घ) मा विविध अन्य कोषको वचत थपघटमा देखिएको। |
| एकीकृत आर्थिक विवरणअनुसार | ६८६७०१७३ | ३७१९०५०५६ | ३५१८४३७८७ | ५१२४७०७६ | |
| फरक | २३४९५३ | ३७७५०४५४ | ० | ० | |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण म.ले.प.फा.नं. २१२ तयार गरेकोमा वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रहेको छ। मौज्दातमा फरक देखिएन।

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरेको छ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२असार मसान्तको बाँकी | फरक रकम | फरक पर्नुको कारण |
| --- | --- | --- | --- | --- | --- |
| 1 | स्थानीय तह सञ्चित कोष खाता | ३३४३४०७४४ | ३३४३४०७४४ | ० | फरक नपरेको |
| 2 | चालु खर्च खाता | ० | ० | ० | फरक नपरेको |
| 3 | पुँजीगत खर्च खाता | ० | ० | ० | फरक नपरेको |
| 5 | विविध खर्च खाता | ५४८७५३२ | ५४८७५३२ | ० | फरक नपरेको |
| 6 | विपद व्यवस्थापन खाता | २६१४३१३ | २६१४३१३ | ० | फरक नपरेको |
| ७ | स्थानीय विभाज्य कोष | ० | ० | ० | फरक नपरेको |
| ८ | विविध कोष खाता | ४३०११६१ | ४३०११६१ | ० | फरक नपरेको |
| 9 | आन्तरिक राजस्व | १२८९ | १२८९ | ० | |
| 10 | धरौटी | ५४०८७०७ | ५४०८७०७ | ० | फरक नपरेको |
| | जम्मा | ५१२४७०७६ | ५१२४७०७६ | | |

## ३ बजेट तथा कार्यक्रम

३.१ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुख/ उपाध्यक्ष श्री शंकरमान घलानले मिति २०८१।३।१० मा रु ४४ करोड ७० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

३.३ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा कुल १६२ योजनामा वजेट विनियोजन गरेको छ।

| | रु १ लाख सम्म | रु १ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि २० लाखसम्मका | २० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| वडा स्तरिय | १७ | ८१ | ६ | ० | १०४ |
| गा.पा. स्तरिय | ३ | ३६ | १४ | ५ | ५८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित १६२ योजना मध्ये सवै योजना कार्यान्वियन भएको जनाएको छ। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

३.४

**क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८२९२००० | २५६९२३०४ | ७.३ |
| २ | पूर्वाधार विकास | ११२१६५००० | ६४९१३१२७ | १८.४५ |
| ३ | सामाजिक विकास | १४५७३०००० | १२४९२३००९ | ३५.५१ |
| ४ | बातावरण तथा विकास | ५००००० | ५००००० | ०.१४ |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | २८३४५००० | २४१४६५३९ | ६.८६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३२०१६९६२ | १११६६८८०७ | ३१.७४ |
| जम्मा | | ४४७०४८९६२ | ३५१८४३७८७ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ३५.५१ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.१४ प्रतिशत रहेको छ।

३.५ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ५२२०८७१.१७ राजस्व बाँडफाँड र अनुदानबाट रु ३६९७७८१९३.४३ समेत रु ३७४९९९०६४.६० आम्दानी भएकोमा चालु तर्फ रु २४९१३४१३८.७० र पूँजिगत तर्फ रु

७७८३११९८.९१ र समेत रु ३२६९६५३३७.६१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत रहेको छ। यसवर्ष पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.२० प्रतिशत चालु २३.८० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३.६ **त्रैमासिक पूँजीगत खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाइ कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेश्रो | चौथो | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २४९१३४ | ४८८१९ | ४५६३६ | ५८०५४ | ९६६२६ | ६३६५७ |
| २ | पूँजीगत खर्चतर्फ | १०२७१० | ९९२ | ८९८६ | २७८७५ | ६४८५६ | ३१०९५ |
| जम्मा | | ३५१८४४ | ५० | ५४६२२ | ८५९२९ | १६१४८२ | ९४७५२ |
| प्रतिशत | | १००.०० | १४.२० | १५.५० | २४.४० | ४५.९० | २६.९० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३५१८४३७८६.६० निकासा भएकोमा प्रथम त्रैमासिकमा १४.२० प्रतिशत, दोस्रो त्रैमासिकमा १५.५० प्रतिशत, तेस्रो त्रैमासिकमा २४.४० प्रतिशत र चौथो त्रैमासिकमा ४५.९० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र २६.९० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको छैन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखी रहेको छ,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखियो,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन,
- कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको छैन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको छैन,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनामा गरेता पनि सबैमा लागू भएको देखिएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली,२०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन,

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको देखिएन,

तसर्थ: आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई सुदृढ गर्नुपर्दछ।

४.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक लेखापरीक्षण शाखामा कर्मचारी पदपूर्ति नभएको कारण आन्तरिक लेखापरीक्षण हुन नसकेको पालिकाको भनाइ रहेको छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी एवं सुदृढ गर्नुपर्दछ।

## ५ नियन्त्रण वातावरणको विश्लेषण

५.१ **आवधिक योजना**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५.२ **बजेट सीमा निर्धारण समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.३ **कन्टिन्जेन्सी खर्चको अभिलेख**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। गत वर्ष रु.२७३२५९४ खर्च गरेकोमा यो वर्ष रु.३३४८९३३ खर्च गरेको छ। जसमध्ये मस्टरोल ज्याला रु.५१३०६३, सवारी मर्मत तथा इन्धन रु.२५३३९७, कार्यालय

सञ्चालन अनुगमन रु.२१३८४७३ र अन्यमा रु.४४४००० खर्च लेखांकन गरेको देखियो। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

५.४ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम रु | खर्च रकम रु | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु |
|---|---|---|---|---|
| वातावरणीय परिक्षण | आर एस एस इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ४९७९४५.८ | ४९४३७५ | २३१२९२३ |
| रातु लिफ्ट सिचाइ आयोजना तथा लिपखोला रजबास सिचाई कुलो निर्माणको डिपिआर | पोलार इन्जिनियरिङ कन्सल्टेन्सी | ४९८८२७.४ | ४७४६०० | १११९८७५३२ |
| तामाजोरफेदी गोठडाँडा सडक र गोपे लखन जुगेपानी सडकनिर्माणको डिपिआर | जेनिश कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | १८१६७०८.६ | १५३५१६८ | ९८०५०७८२२ |
| जम्मा: | | २८१३४८१ | २५०४१४३ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५.५ **सेवाप्रवाह**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकालेवाट प्राप्त विवरण अनुसार देहाय बमोजिम सेवा प्रवाह गरेको देखियो । तालिकामा उल्लेखित वाहेक कुन कुन क्षेमा सेवा प्रवाह गरेको छ विवरण पेश भएन।

| **विवरण** | **निवेदन दर्ता** | **सेवा शुल्क दर** | **सिफारिस भएको संख्या** |
|---|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ | 0 | 0 |
| पञ्जिकरणतर्फ | | | |
| जन्मदर्ता | ३९८ | | ३९८ |
| मृत्युदर्ता | १२७ | | १२७ |
| बसाईसराई दर्ता | २७ | | २७ |
| विवाह दर्ता | १६९ | | १६९ |
| सम्बन्धविच्छेद दर्ता | २१ | | २१ |

५.६

**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको पालिकाले १ पटक सार्वजनिक र सामाजिक परिक्षण गराइ रु. ५०००० खर्च गरेको छ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

६.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, पशु तथा कृषि अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन्।

६.२ **तलवी प्रतिवेदन**- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकामा कार्यरत स्थायी कर्मचारीको रु.१०२०१०२६ तलब खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित गरेको छ।

६.३ **कर्मचारी प्रोत्साहन भत्ता**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानून तथा कार्यविधि नबनाई रु ८८५१७५ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। कानून र कार्यविधि स्वीकृत नगरी प्रोत्साहन भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,८५,१७५ |

६.४ **कर्मचारी कल्याण कोष-**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभर, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यारत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ ।

| सुरु मौज्दात | यो बर्षको आम्दानी | यो बर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|
| ५००००००।६० | १०००००० | १६९८८४० | ४३०११६०।६० |

पालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन् भने पालिकाले रकमान्तर गरी एकमुष्ट कर्मचारी कल्याण कोषमा रु. १० लाख जम्मा गरी रु १६९८८४० खर्च गरेको छ। पालिकाले कोष संचालन सम्बन्धमा कर्मचारी कल्याण कोष सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गरी रकम रकमान्तर गरी कोषमा एकमुष्ट दाखिला गरेको तर कर्मचारीको तलवबाट १० प्रतिशत कट्टी गर्ने गरेको देखिएन।

६.५ **कर्मचारी व्यवस्था :** स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका

पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले ऐनको व्यवस्था विपरीत ४ जना दरबन्दी भन्दा बाहिर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| स्टाफ नर्स | २ | ३४७३० | ९२२९८० | दरबन्दी बाहिरका करार |
| सि अनमि | १ | ३२९०२ | ४२७७२६ | |
| ल्याब असिष्टेन्ट | १ | ३२९०२ | ४२७७२६ | |
| जम्मा | ४ | | १७७८४३२ | |

| | |
|---|---|
| अनियमित भएको | १७,७८,४३२ |

## ७ जिन्सी व्यवस्थापनः

७.१ **जिन्सी निरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

७.२ **जिन्सी प्रतिवेदन-** सरकारी सम्पत्ती तथा जिन्सी मालसामान व्यवस्थापन सम्वन्धमा दखिएका व्यहोरा देहाय अनुसार छन्। आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व निमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखेको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी/गराई स्वीकृत ढाँचा अनुसार नियम ९९ को उपनियम २ बमोजिम खुलाउनु पर्ने भनी उल्लेख गरिएका सबै कुरा खुलाइएको सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन।ऐनको व्यवस्था बमोजिम गर्नुपर्दछ।

७.३ **जिन्सी लिलाम मर्मत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम ३ तथा ४ र नियम १०६ मा जिन्सी मालसामानको मर्मत सम्भार संरक्षण र लिलाम विक्री गर्ने व्यवस्था रहेको छ। पालिकाले जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कारबाही गरेको छैन। नियमावलीमा उल्लेखित व्यवस्था र प्रकृया पुरा गरी लिलाम बिक्री तथा मिन्हा सम्बन्धी निर्णय गरी कारबाही टुग्याउनुपर्दछ ।

## ८ कानून निर्माण एवं कार्यान्वयन

८.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि यस पालिकाले हालसम्म २१ वटा ऐन, ११ वटा नियमावली, ४६ कार्यविधि लगायत ८९ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

८.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र

टुङ्गो लगाउने व्यवस्था छ। पालिकामा यो वर्ष न्यायिक समितिमा २ उजुरी परेकोमा २ वटा नै फस्र्यौट भई टुंगो लगाउनुपर्ने मुद्दा बाँकी नरहेको देखियो।

८.३ **सूचनाको हक-** राष्ट्रिय सूचना आयोगको प.सं. २०८१/०८२, च. नं. ४४२ अनुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम सूचनाको हकको कार्यान्वयन अवस्थाबारे परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयलाई पत्र पठाइएको छ। परीक्षणका क्रममा पालिकाले सूचना अधिकारी तोकेको, वेवसाइट रहेको तथा नियमित अद्यावधिक गर्दै आएको, तीन–तीन महिनामा प्रकाशित गर्नुपर्ने विवरण नियमित रूपमा प्रकाशित गरेको र माग भएका सूचनाको छुट्टै अभिलेख राखेको र सूचनाको वर्गीकरण भने अद्यावधिक नगरिएको देखियो। अतः पालिकाले नागरिकको सूचनाको हकको संरक्षण र प्रवर्द्धनमा निरन्तरता कायम राख्न आवश्यक छ।

९ **सहकारी नियमन** –

क) सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था मध्ये ८ वटा सक्रिय, ९ निस्क्रिय रहेकोमा ७ वटाले सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित अनुगमन गरेको छैन। सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुने जोखिम न्यूनिकरण गर्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनुपर्दछ।

ख) संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संधीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ। त्यसैगरी संविधानको अनुसूची ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ। तर पालिकाको सहकारी ऐन, २०७५ को दफा ७९ अन्तर्गत विभिन्न कसुरका लागि वर्ष १ देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ। त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संधीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ।

१० **विविध तथा आर्थिक सहायता**

१०.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष कूल रु १९८८५०० खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५२१९९७१ को ३८.०९ प्रतिशत हुन आउँछ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१०.२ **आर्थिक सहायता** – पालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ निर्माण गरी विभिन्न 33 संघसंस्था र व्यक्तिहरुलाई रु. ६६२३५० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५२१९९७१ को १२.६८ प्रतिशत हुन आउँछ। आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरुको विवरण पालिकाको वेवसाइट मार्फत सार्वजनिकीकरण गर्नुपर्दछ।

११ **खरिद तथा ठेक्का अभिलेखः**

(क) वार्षिक खरिद योजना/गुरुयोजना- सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १०५१६७८४८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

(ख) खरिद कारवाही अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना बोलपत्र पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात प्रस्तावदाताहरुलाई पठाएको जवाफ बैठकको माइन्यूट बोलपत्रको मूलप्रति पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता मूल्यांकन प्रतिवेदन सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि खरिद सम्बन्धी प्रकाशित सूचनाहरु खरिद सम्झौता प्रगति प्रतिवेदन इन्भ्वाइस र निरीक्षण प्रतिवेदन खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात मालसामान प्राप्ति निरीक्षण र स्वीकृति लगायतको कागजात मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्दछ ।

(ग) ठेक्का अभिलेख : सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१२ **सफ्टवेयर खरिद-**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले एकिकृत सफ्टवर खरिद तथा सञ्चालन शिर्षकमा दर्ता चलानी, इ सिफारिस, योजना व्यवस्थापन, न्यायिक व्ययवस्थापन, व्यवसाय संघ संस्था लगायत विषयगत क्षेत्रमा व्यवस्थापन प्रणाली लागु गर्ने गरी बक्स वाइट इन्क प्रा लि वाट रु. ९७१८०० खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

१३ **पेश्की बाँकी**

पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.६६१७७४० बाँकी रहेको देखिन्छ। सवै पेश्कीको म्याद वाँकी रहेको छ।

| विवरण | पेश्की लिनेको नाम | कार्य विवरण | यस वर्षको थप | | गत वर्षको बाँकी | यो बर्ष फर्छ्यौट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद नाघेको | म्याद ननाघेको | | | |
| ठेकेदार | पिपि निर्माण सेवा/इस्वरी जे भी | प्रशासकीय भवन निर्माण | | ४२५६२४० | | | ४२५६२४० |
| संस्थागत | अग्री इन्कर्पोरेट प्रा लि | एम्बुलेन्स खरिद | | २३६१५०० | | | २३६१५०० |
| जम्मा | | | | ६६१७७४० | | | ६६१७७४० |

१४ **ठेक्काको म्याद थपः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । सो अनुसार खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्नुपर्नेमा ऐनको उक्त व्यवस्था विपरित समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु भए पनि ती व्यवस्थाको पालना गरेको छैन। सार्वजनिक खरिद नियमावली २०६४ को सातौ देखि १५ औं संसोधन गरी सम्झौता वाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले पटक पटक म्याद थप गरेको छ। पालिकाले देहायबमोजिम कार्यको पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः म्याद थप पनि गरेको छ।पुनः म्याद थप गरेकोमा ठेक्का सम्पन्न नभई ठेक्काको काम अधुरो रहेको छ।हाल पुनः म्याद थप भएको अवधि समाप्त भई सो अवधिसम्म पनि काम सम्पन्न नभएको र म्याद थप समेत भएको छैन। कार्यतालिका र सम्झौताअनुसार कार्य गर्नुपर्दछ ।

| निर्माण व्यवसायिको नाम | ठेक्का नं | काम | ठेक्का अंक | सम्झौता मिति | भुक्तानी | सूरु अवधि |
|---|---|---|---|---|---|---|
| इन्दु ग्रुप अफ कम्पनी | GRM/Sindhuli/NCB/१-२०८०।८१ | बेलकोट बन्दीपुर चौकी डाँडा सडक स्तरोन्नति | ८०२६८४०.६२ | २०८१।७।२८ | ४९९६५४९ | २०८२।१।३० |
| श्री पि पि निर्माण सेवा। ईश्वोरी जे.भि. मन्थली | GRM/Sindhuli/NCB/१२-२०७८।७९ | गाउँपालिका प्रशासकीय भवन निर्माण | ५७७८९०३७.१३ | २०७९।५।२९ | ३०७१४८०७ | २०८१।५।३० |

१५ **शुन्य प्रगति भएका कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा १ मा उपाध्यक्ष/उप प्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था रहेको छ। यसले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेटको अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने लगायतको विषय उल्लेख भएको छ।पालिकाबाट बजेट तर्जुमा गर्दा पालिकाको आवश्यकता तथा खर्च गर्न सक्ने क्षमताको आधारमा आधारमा बजेट निर्माण गर्नुपर्नेमा पालिकाले २९ वटा कार्यक्रम/आयोजना/क्रियाकलापमा रु ५३००००० बजेट विनियोजन गरेकोमा कार्यक्रम खर्च भएको पाइएन। पालिकाले बिनियोजन भएको बजेट पुरै खर्च गर्ने तथा खर्च गर्न सकिने कार्यक्रम निर्माणमा ध्यान दिनु पर्दछ।

१६ **उपभोक्ता समितिमार्फत निर्माण कार्यः**

१६.१ आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट सञ्चाचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भइसके पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका योजनाहरु सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत तोकी हस्तान्तरण गर्ने गरेको पाइएन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

१६.२ उपभोक्ता समितिबाट भएको कार्यको लागत अनुमान - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स तथा दररेट अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेका योजनाहरूमा लागत अनुमान तयार गर्ने र सोही अनुसार नापी तथा कार्यसम्पन्न तयार गर्ने गरेको देखिन्छ । हालसम्म पालिकाले निर्माणतर्फ आफ्नो छुट्टै दररेट स्वीकृत गरेको छैन । पालिका अन्तर्गत गरिने निर्माण कार्यमा सडक र भवन विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरेको छ । जसको कारण स्थानीय बजारमा न्यूनतम दरमा पाइने सामाग्रीको समेत उच्चदर राखि लागत अनुमान तयार हुने गरेको छ । पालिकाले समानुकुल र स्थानीय बजार दर समेतलाई ध्यानमा राखि आफ्नै स्थानीय दररेट स्वीकृत गरी मितव्ययी तरीकाले निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१६.३ नापी किताव - निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं.५०३ महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको विवरण र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको विस्तृत अभिलेख सहित नापी किताब नराखि लुज सिटमा रनिङ्ग बिल वाइज नापी पेश गर्ने गरेको देखियो। पालिकाले बिल वाइज पेश भएको नापीमा अघिल्लो बिलसम्मको काम भनि उल्लेख गरेको कामको परीमाण र रकमलाई थप विश्लेषण र भिडान गर्न सकिने गरि नापी किताब अद्यावधिक गर्नुपर्दछ।

१६.४ प्राविधिक बिल - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिहरुबाट सञ्चालित कतिपय योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुका साथै नापी र कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

१७ **जटिलसंरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खुद कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८४।२०८२।३।५ | दलित भवन निर्माण उ.स. | भवन निर्माण | १०५०५७१ | ९३६५३५ |
| १७४।२०८२।२।२७ | गुन्टेखोला सुनाचरी सडक स्तरोन्नती उ.स. | सडक स्तरोन्नति | १०५१०९३ | ९४२६५० |
| १५९।२०८२।२।२२ | वडा-४ कार्यालय तला थप कार्य निर्माण उ. स. | भवन निर्माण | १००१४९८ | ८८९१३१ |
| १५४।२०८२।२।१८ | रामपुर काली खोला मधुवन मरिण सडक निर्माण उ.स. | सडक निर्माण | ८३२३३५ | ७२२५८७ |
| ११०।२०८२।१।३ | अधुरो बस्तीपुर सामुदायिक भवन निर्माण उ. स. | भवननिर्माण | ६५८४२६ | ५८१८६० |
| ६२।२०८१।११।२१ | खानीखोला फलामेपुल निर्माण उ.स. | पुल निर्माण | ८६३२९२ | ७७६००० |
| १७।२०८१।१२।७ | चालिसे हायुटार सामुदायिक भवन निर्माण उ.स. | भवन निर्माण | ३१६७३७२ | २८४९५०० |
| १६।२०८१।१२।७ | अमले स्वास्थ्य चौकी भवन निर्माण उ.स. | भवन निर्माण | १६१८७१० | १५९१३९९ |
| ३१।२०८२।२।७ | बुक्ति खट्टार पटबाँस सडक स्तरोन्नति उ.स. | सडक स्तरोन्नति | २५९०५८२ | २३५९५८० |

१८ **मसलन्दः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा विस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ मा रु. दश लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले यो कार्यालयलाइ आवश्यक पर्ने विभिन्न प्रकारका फर्निचर फिक्स्चर्स सामाग्री ११ पटक १० आपुर्तकबाट खरिद गरी रु २८८७५९८ र मसलन्द तथा कार्लाय सामाग्री र कम्प्युटरुजन्य सामाग्री पटक पटक खरिद गरी विभिन्न आपुर्तकलाई रु २८२७४२१ समेत रु ५७५००१९ भुक्तानी गरी खर्च लेखेको छ। फर्निचर फिक्सचर्स र मसलन्द सामाग्री खरिद कार्य गरेकोमा सार्वजनिक खरिद ऐन नियमको उल्लिखित व्यवस्था पालना भएको देखिएन। ऐन नियमको परिपालना हुने गरी खरिद कार्य गर्नुपदछ।

१९ **सूचना प्रकाशन खर्चः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था छ।त्यसैगरी विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ ।साथै विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क. मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण बापतको रकम सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ग. को उपनियम (३) बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल वमोजिम नियम ५ख. बमोजिमको दररेटको आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ। तर पालिकाले पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चको लागि रु १०५०००० खर्च भएको मा माथि उल्लेखित प्रावधानको पालना गरेको देखिएन।नियमको पालना हुनुपर्दछ।

२० **इन्धन खर्चः**

सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा ७ बमोजिम सवारी साधन सुविधा पाउने पदाधिकारी/कर्मचारीहरूलाई इन्धन तथा मोबिल/ब्रेक आयल उपलब्ध गराउँदा तहअनुसार कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र सोको

लगत अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा ब्याकहो लोडर र १८ वटा दुईपाङ्ग्रे सवारी साधन गरी कुल २१ सवारी साधनका लागि यस वर्ष इन्धन तथा कन्टिन्जेन्सी शीर्षकबाट रु. ३४,००,००० खर्च गरेको छ, तर कोटा निर्धारण र मासिक लगत अद्यावधिक गरेको पाइएन। साथै, महालेखा नियन्त्रक कार्यालयको निर्देशनअनुसार इन्धन खर्चलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि पनि गरेको छैन। तसर्थ, इन्धन खर्च मितव्ययी बनाउन कोटा निर्धारण तथा लगत अद्यावधिक गर्नुपर्ने र PAMS मा प्रविष्टि गरेर मात्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२१ **मर्मत अभिलेख किताबः**

तीनै तहका सरकारी निकायहरूका लागि स्वीकृत नयाँ म.ले.प. फारामहरूअनुसार सार्वजनिक सम्पत्तिको मर्मत, सम्भार तथा संरक्षणका लागि म.ले.प.फा.नं. ४१४ मा आवेदन र म.ले.प.फा.नं. ४१५ मा अभिलेख तोकिएको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सवारी साधन र ब्याकलोडरको मर्मतमा कुल रु. ३५,००,००० खर्च गरेको छ तर मर्मतअघि आवश्यक विवरण (सामानको पहिचान, अनुमानित लागत, कारण, वारेण्टी स्थिति, अघिल्लो मर्मत इतिहास आदि) सहित शाखा प्रमुख तथा प्राविधिकको सिफारिसमा फाराम नं. ४१४ स्वीकृत गरिएको छैन र मर्मतपछिको फेरिएका सामान तथा खर्चको विस्तृत विवरण सहित फाराम नं. ४१५ मा अभिलेख अद्याबधिक गरेको देखिएन। यसका कारण मर्मत कार्य र खर्चको तुलनात्मक विश्लेषण गर्न सकिएन। तसर्थ, स्वीकृत ढाँचाबमोजिम अभिलेख अद्यावधिक गर्नुपर्दछ।

२२ **पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,१०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **खेलकुद कार्यक्रम**

सार्वजनिक खरिद नियमावलीको नियम १२ बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य/अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण/बसोवास खर्च, कार्यालय खर्च, मालसामान/उपकरण, प्रतिवेदन छपाई/अनुवाद, तालिम/गोष्ठी खर्च आदि सबै विषय यकिन गरी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले खेलकुद कार्यक्रम सञ्चालन गर्ने संस्था/व्यक्तिबाट यस्तो लागत अनुमान तयार नगरी तथा कार्यक्रम सञ्चालनको अख्तियारी नदिएको कार्यक्रमलाई समेत विल/भरपाईका आधारमा भुक्तानी दिएको पाइएको छ। पालिकाले खेलकुद कार्यक्रमतर्फ रु. ३,८६,१३७ खर्च गरेको छ। तसर्थ, पालिकाले खेलकुद कार्यक्रमको भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन/नियमावलीको पालना गरी लागत अनुमान तयार भएको र कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त कार्यक्रमको मात्र भुक्तानी गर्नुपर्दछ।

२४ **राजस्व तथा आय अनुमानः**

२४.१ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ११८२०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु ५२१९९७१।१७ अर्थात अनुमान भन्दा ४४.१६ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ थप प्रयास गर्नुपर्दछ।

२४.२ **राजस्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, को दफा २७(१) मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिका अन्तरगत वडा कार्यालयमा प्राप्त हुने अधिकांस राजश्व ऐनमा उल्लेख भएको समयावधीमा बैंक दाखिला हुने गरेको देखिएन। ऐनमा भएको व्यवस्था अनुसार तोकिए बमोजिम ढाँचामा लेखा राखी राजश्व दाखिला हुनुपर्दछ।वडा कार्यालयहरुमा प्राप्त राजश्व ढिला दाखिला भएको केही उदाहरण देहायअनुसार छन्

| वडा नं. | रकम | प्राप्त भएको मिति | बैक दाखिला | ढिला दाखिला भएको अवधि |
|---|---|---|---|---|
| १ | ४८७५८.०४ | २०८२/ २/ ५ देखि ऐ ३/ ४ | २०८२/ ३/ ४ | ३० दिन |
| २ | २८१९२.२६ | २०८२/ २/ ६ देखि ऐ ३/ १२ | २०८२/३/१३ | ३७ दिन |
| ३ | ४३१३४.६१ | २०८१/ १२/ ६ देखि २०८२/३/ ३ | २०८२/ ३/ ४ | २७ दिन |
| ४ | ८२१४९.११ | २०८१/ १२/ २९ देखि २०८२/२/ २३ | २०८२/२/ २६ | ५४ दिन |
| ५ | ४२१२४.४१ | २०८२/ २/ ७ देखि ऐ ३/ ९ | २०८२/ ३/ ११ | ३३ दिन |

२४.३ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४०८३७१७६७ | ५२१९९७१.१७ | १.२८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४.४ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| राजश्व शीर्षक | राजश्व लक्ष्य | राजश्व आय रकम | राजश्व असुली प्रक्रिया। विधि(ठेक्का। अमानत। पालिका आफै) | राजश्व आय प्रतिशत | लक्ष्य अनुसारको राजश्व नउठ्नुको कारण |
|---|---|---|---|---|---|
| सम्पतीकर | ५०००००. | ३०४७०. | पालिकाआफै | ६.१ | करको दायराभित्र सबैलाईसमेट्न नसक्नु । |
| भुमिकर/ मालपोत | ८०००००. | ५७४०६९.२१ | पालिका आफै | ७१.८ | |
| वहाल कर | ५०००००. | २४७८३२. | पालिका आफै | ४९.६ | |
| वहाल विटौरी कर | ३०००००. | १४७०. | पालिका आफै | 0.५ | |
| व्यवसायले भुक्तानी गर्ने | ५००००. | ५००.०० | पालिका आफै | १.0 | |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमालाग्ने कर | २००००. | ११५००. | पालिका आफै | ५७.५ | |
| अन्य कर | ५००००. | ०.०० | पालिका आफै | 0 | |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०००००. | २४२७६०. | पालिका आफै | ४८.६ | |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १०००००. | ०.०० | पालिका आफै | 0 | |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५०००००. | ०.०० | पालिका आफै | 0 | |
| अन्य सेवा शुल्क तथा बिक्री | ५००००. | ०.०० | पालिका आफै | 0 | |
| न्यायिक दस्तूर | ५००००. | ४००.०० | पालिका आफै | 0.८ | |
| परीक्षा शुल्क | १०००००. | १४५००. | पालिका आफै | १४.५ | |
| अन्य प्रशासनिक सेवा शुल्क | २०००००. | १२४५००. | पालिका आफै | ६२.५ | |
| नक्सापास दस्तुर | ५००००. | ०.०० | पालिका आफै | 0 | |
| सिफारिश दस्तुर | १००००००. | ५६१५००. | पालिका आफै | ५६.२ | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | २५७५००. | पालिका आफै | ५१.५ | |
| नाता प्रमाणित दस्तुर | ५००००. | ४०२००. | पालिका आफै | ८०.४ | |
| अन्य दस्तुर | ५०००००. | ३०५६२०. | पालिका आफै | ६१.१ | |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०००००. | ३०२००. | पालिका आफै | ३०.२ | |
| अन्य क्षेत्रको आय | ८०००००. | ७३४००. | पालिका आफै | ९.२ | |
| न्यायिक दण्ड जरिवाना र जफत | ४०००००. | ०.०० | पालिका आफै | 0 | |
| धरौटी सदरस्याहा | ५०००००. | ०.०० | पालिका आफै | 0 | |
| पूँजीगत हस्तान्तरण | २५०००००. | ०.०० | पालिका आफै | 0 | |
| अन्य राजस्व | ५०००००. | १८२२१२. | पालिका आफै | ३६.४ | |
| व्यवसाय कर | २०००००. | १०३०९६.८५ | पालिका आफै | ५१.५ | |
| बेरूजू | १००००००. | २४१९१४१.११ | पालिका आफै | २४१.९ | |
| जम्मा | ११८२००००. | ५२१९९७१.१७ | ०. | ४४.२ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा विस्तार गरी कर असुली गर्ने तर्फ थप पहल गर्नुपर्दछ।

२४.५ **राजश्व बाँडफाँड**- स्थानीय तहले आर्थिक ऐन बमोजिम यो वर्ष अन्य प्राकृतिक स्रोतको आय र रोयल्टी बापत रु.४८१३१३२.३८ असुल गरेकोमा ४० प्रतिशतले हुने रु.१६८९४५३ सम्बन्धित प्रदेश संचित कोषमा पठाएको छ।

२५ **राजश्व अभिलेख**

राजश्व अभिलेख - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले वडाभित्रका सवै इकाइमा हाल राजश्व असुलीलाई स्वचालित प्रणाली सुत्र मार्फत राजश्वको अभिलेख व्यवस्थापन गरेको छ।सुत्र लागुगर्नुभन्दा पहिले प्रयोग गरेको सफ्टवयर र नगदी रसिद प्रयोग गरी अभिलेख राखेकोमा सो को बक्यौता असुली सम्बन्धी जिम्मेवारी सारिएको वा नसारिएको सम्बन्धमा एकिन हुन सकिएन। एकिन गरी राजश्व अभिलेखलाई अद्यावधिक गर्नुपर्दछ।

२६ **व्यवसाय कर**

व्यवसाय कर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३०२०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२७ **अनुदान विवरण**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| अनुदानको किसिम | कार्यक्रमको नाम | अनुदानको प्रकार\ नाम / किसिम | अनुदान लाभग्राही संख्या | अनुदान रकम | लाभग्राही |
|---|---|---|---|---|---|
| कृषितर्फको अनुदान | कृषि यान्त्रीकरणको लागि उपकरण खरिद | हाते ट्रयाक्टर | ४ | २,५०,००० | कृषक |
| | उन्नत जातको फलफूलको बिरुवा वितरण | एभोकाडो,जुनार,सुन्तला,लिचि,कागती | २३९ | ५,००,००० | कृषि/ सहकारी/ कृषक समुह |
| | घरेलु एकिकृत कृषि प्रवर्द्धन कार्यक्रम-वडा भरीमा तरकारी तथा फलफूल प्रवर्द्धन कार्यक्रम वडा नं १ | थ्रेसर, चाप कटर,प्लाष्टिक सिट, तरकारीको बीउ | ४४ | ८,००,००० | कृषक |
| संघीय ससर्ततर्फको | लघुउद्यम विकास कार्यक्रम | यन्त्र उपकरण | ४ | ३२०००० | व्यवसायी |
| | पशुपालन व्यवसाय | पशुपालन अनुदान | १ | ७००००० | लालीगुराँस पोषण प्रवर्द्धन समुह |
| जम्मा | | | २९२ | २५७०००० | |

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमको लागि रु.२५ लाख ५७ हजारको अनुदान २९२ जना लाभग्राहीलाई वितरण गरेको छ । लाभग्राही छनौट पारदर्शी एवम् प्रतिस्पर्धी विधि अपनाईएको र विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराईएको छ भनि आश्वस्त हुने गरी अद्यावधिक अभिलेख राखेको छैन। पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको यकिन गर्न समेत सूचांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार गर्ने, वेबसाईटमा सार्वजनिकीकरण गर्ने र अनुदान वितरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

२८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत ९७.८ दिनले रोजगारी उपलव्ध गराई रु १२५५९१३९.२ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२९ **बृत्तचित्र-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजा तसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ। पालिकाले देहायका पार्श्वचित्र निर्माण प्रालिलाई भुक्तानी दिएको देखिन्छ ।गत वर्ष समेत सोही संस्थाले वृत्तचित्र निर्माण गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोवास खर्च, कार्यालय खर्च, आवश्यक मालसमान, उपकारण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च, परामर्शदातले तालिम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित बिषय यकिन नगरी सम्झौता गरेको देखिन्छ ।पालिकाले निर्माण गरेको वृत्तचित्र सार्वजनिक नगरेको तथा PAMS दाखिला गरेको छैन। पालिकाले सम्झौता गर्दा सार्वजनिक खरिद नियमावलीमा भएका प्रावधानको पालना गर्नुपर्दछ साथै कानून बमोजिम उत्पादन तथा प्रसारण भएको सामाग्रीको कार्यालयमा अभिलेख राख्नुपर्दछ।

| गो भौ नं मिति | विवरण | भुक्तानी पाउने कम्पनी | रकम रु | कैफियत |
|---|---|---|---|---|
| ६०५/ २०८२-३-१८ | गाउँपालिकाको वृत्तचित्र | हिमालय संचार गृह | ४००००० | पाम्समा दाखिला नरहेको |
| ५९९/ २०८२-३-१७ | सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी | मुक्तिनाथ मिडिया प्रा लि | ४९६३४१ | पाम्समा दाखिला नरहेको |

३० **एजविल्ड नक्सा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३१ **सडक वोर्ड तर्फः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२१,१३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **हेफर प्रोजेक्ट नेपाल** -

कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि र पशु' बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.५७१४२५८७ लागत साझेदारीमा मिति २०८३।३।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।८।२१ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु.४०००००००० पालिकाले र बाँकी ३० प्रतिशतले हुने रकम रु.१७१४२५८७ हेफरले व्यहोर्ने व्यवस्था गरेको छ। यस परियोजना अन्तर्गत यस पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई खर्चको विल भरपाई तथा खर्चको फाटबारी पेश गरेको आधारमा आ.व. २०७९।८० मा रु.५४०३३६१, २०८०।८१ मा रु. ८१४७०६० र २०८१।८२ मा रु.८११६९६९ समेत तीन आर्थिक वर्षमा रु.२१६६७३९० भुक्तानी भएको छ। हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन। यस सम्बन्धमा देखिएका वेहोराहरु निम्नानुसार छन्

(क) पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको नियमसम्मत देखिएन।

(ख) पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्‍याउन एक पालिका एक प्राबिधिकको छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अतः पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

(ग) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शतप्रतिशत कार्य जिल्ला लघु उद्यमी संघ (डिमेघा) सिन्धुली मार्फत गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुँदा नं. ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

(घ) सम्झौताको वुँदा नं.७.२ .६ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन। पालिकाबाट कार्यक्रमको उपलब्धिले कृषकहरुको जीवनस्तरमा सकरात्मक प्रभाव पारेको बारेमा विष्लेशण गरी तथ्याङ्कीय प्रतिवेदन तयार भएको छैन।

(ङ) सम्झौता बमोजिम पालिकाले हेफरलाई प्रत्येक वर्ष दिएको भूक्तानी र साझेदार संस्थाले सम्बन्धित वर्षमा गरेको आर्थिक

कारोबारको वास्तविक र यथार्थ चित्रण हुने लेखापरीक्षण प्रतिवेदन समेत प्राप्त गरी निकासा दिएको रकम सदुपयोग भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अग्रीम कर कट्टी र दाखिला गरेको नगरेको खरिद कार्य खरिद ऐन नियम बमोजिम भए नभएको पालिकाले स्वयंले यकिन गर्नुपर्दछ।

३३ **लाभग्राहीको खातामा गत विगतको मौज्दात -**

नेपाल सरकारले बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ अनुसार एक व्यक्ति एक बैंक खाता हुनुपर्ने र पालिकाहरुले forward feed(excel sheet) मार्फत बैंकहरुलाई सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले पाउने रकम तोकी खातामा राखिदिने शर्तमा पठाउने गरेको थियो । यसरी पठाएको रकम सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७२, २०७५ र २०७७ अनुसार कुनै पनि लाभग्राहीले आफ्नो सामाजिक सुरक्षा भत्ता जुन आर्थिक वर्षको हो सोही आर्थिक वर्षभित्र बुझिलिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले रुपमा EFT प्रणाली मार्फत भत्ता वितरण व्यवस्था मिलाएको देखियो । तर, यस भन्दा अगाडिको forward feed प्रणालीबाट चेक मार्फत बैंकलाई लाभग्राहीहरुको खाता मार्फत भुक्तानी गर्न excel sheet मा पठाएको रकम गत विगत वर्षहरुको भत्ता रकम सम्बन्धित आ. व. भित्रमा बुझिसक्नुपर्नेमा केही लाभग्राहीहरुको रकम बाँकी रहेको भन्ने सूचनाको आधारमा गाउँपालिकाले Dummy account, Parking account र Deactivated account विवरण माग गरी पत्राचार नेपाल एसविआइ बैंक लिमिटेडबाट प्राप्त विवरण अनुसार विभिन्न ५२ लाभग्राहीहरुको न्यूनतम रु. ३ देखि अधिकतम रु. १२२२२२ गरी रु. ७५८२०० लामो समयदेखि लाभग्राही खातामा रहेको देखियो । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) र दफा २६ (३) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंक तथा वित्तीय संस्थाले विभिन्न कारणे बाँकी रहेको रकम प्रत्येक श्रावण महिना भित्र फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यविधिमा भएको व्यवस्था अनुसार एसविआइ बैंक लिमिटेड लिमिटेडले रकम फिर्ता नगरेकोले सो रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५८,२०० |

३४ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३, ४ र ५ ले लाभग्राहीको नाम दर्ता, नवीकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी र अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। गाउँपालिकाले यो वर्ष ५ वडाहरुमा १३३० लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत कूल रु. 54069781 वितरण गरी खर्च लेखेकोमा देहायअनुसार वेहोरा देखिएका छन्:

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन।

• कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन।

• कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन।

• सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्ने, दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी

सार्वजनिक गर्नुपर्दछ ।

३५ **एम्बुलेन्स खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,३६१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **प्रमाण पेश नगरेकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ।पालिकाले देहायअनुसार भुक्तानी गरेकोमा कैफियतमा उल्लेख भएका वेहोराबमोजिम प्रमाण संलग्न नगरी भुक्तानी दिएकोले प्रमाण पेस गर्नुपर्ने रु.

| **भौचर नं । मिति** | **कामको विवरण** | **भुक्तानी पाउनेको नाम संस्थाको नाम** | **भुक्तानी रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| ६४६। २०८२। ३।२० | उन्नत जातको फलफूल विरुवा खरिद तथा वितरण | सूमित्रा एकीकृत मिश्रित नर्सरी कृषि पशुपंक्षी पालन फार्म | ६००००० | कागती-५३३, जुनार-१२००, सुन्तला-१२००, लिच्चिगुटी-१०००, एभोकाडो-५००गोटा को वितरण भर्पाई पेस नभएको |
| ५८५। २०८२। ३।१६ | आकस्मिक रोग नियन्त्रण औषधी खरिद(पशु) | मैलानी इन्टरनेसनल प्रा.लि. | ३९९६२० | वितरण भर्पाई/ परीक्षण प्रतिवेदन पेस नभएको |
| | | जम्मा | ९९९६२० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९,६२० |

३७ **बिल बिजकः**

मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम ५६ मा तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (२क) मा सरकारी निकायले रु.२० हजार भन्दा बढी रकमको कर लाग्ने वस्तु वा सेवा खरिद गरेकोमा मू.अ.करमा दर्ता भएको व्यक्तिसंग खरिद गर्नेपर्ने व्यवस्था छ।पालिकाले देहायअनुसार खरिद कार्य गरी भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि करमा दर्ता नभएको आपूर्तकसँग खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु

| **गो.भौ.नं.। मिति** | **आपूर्तकको नाम** | **प्यान नं.** | **खरिद कार्य** | **भुक्तानी रु** |
|---|---|---|---|---|
| ६२३।२०८२।०३।१९ | विविसा मिडिया प्रा.लि. | ६१९७३३९६२ | सार्वजनिक सुनुवाइ | ३९७००० |
| ६४१।२०८२।०३।२० | विविसा मिडिया प्रा.लि. | ६१९७३३९६२ | वडा नं १ को सामाजिक परीक्षण | १००००० |
| ६६०।२०८२।३।२३ | वि वि आर डेस्कटप एण्ड कम्प्युटर इन्स्टिच्युट | ६०९३५७७८५ | कम्प्युटर तालिम | ४१९६२० |

| | |
|---|---|
| अनियमित भएको | ९,१६,६२० |

३८ **गैर सरकारी संस्था मार्फत खरिद-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ।

पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई भुक्तानी गरेको छ । तर त्यस्ता संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| क्रम संख्या | भौचर नं र मिति | कामको विवरण | गैरसरकारी संस्थाको नाम | सम्झौता मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| | ५९८। २०८२। ०३।१८ | जनप्रतिनिधि र कर्मचारीलाई नेतृत्व विकास तथा सकारात्मक सोच अभिवृद्धि तालिम मिति २०८२।२।३० देखि ३१ सम्म | बरुवा सैवा प्रा.लि. | २०८२। २।२३ | ६३०००० |
| | ६९७। २०८२। ३।२४ | जनप्रतिनिधि।शिक्षक।नर्स।आमा समूह बाल क्लब लगायतलाई स्यानिटेसनसम्बन्धि तालिम | रोयल कन्सल्टयान्टस् प्रा.लि. | २०८२। ३।१३ | २९४९३० |

| अनियमित भएको | ९,२४,९३० |
|---|---|

## ३९ टोल विकास संस्थाः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सीमित प्रतिस्पर्धा हुने गरी सोझै खरिद गर्न नहुने, रु.१० लाख भन्दा बढी रु.२० लाखसम्म खरिद वा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्ययमबाट गर्न सकिने र सो भन्दा वढीको कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा टोल विकास संस्था मार्फत कार्य गराउन सक्ने व्यवस्था रहेको देखिदैँन। पालिकाले रु.७५४४४० लागत अनुमान रहेको नेत्रकाली मा.वि. तल्लो भवन जाने बाटो निर्माण कार्यको लागि रामपुर बजार टोल विकास संस्थामार्फत कार्य गराई गो.भौ.नं.१२०-२०८२।१।७ बाट रु.६७१८५५ भुक्तानी गरेको देखियो। नियमावलीको उल्लिखित व्यवस्था बमोजिम दरभाउपत्र वा बोलपत्रको माध्यमद्धार प्रतिस्पर्धा गराइ कार्य गर्नुपर्नेमा नगरी टोल विकास संस्थामार्फत निर्माण कार्य गराएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ६,७१,८५५ |
|---|---|

## ४० औषधी खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १ वर्ष ६ महिना वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारनमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले मानसरोवर मेडिहेल्थ प्रा.लि.बाट औषधि र सर्जिकल उपकरण पत्रिकामा प्रकाशित सूचनाबमोजिमको दररेटमा १६ प्रतिशत छुटमा सोझै खरिद विधिबाट खरिद गरी रु.१०२०१३३ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

## ४१ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेसन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा यो वर्ष ४४ प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाले यो वर्ष ५० न्यानो झोला खरिद गरी रु.४९७२० खर्च लेखेको छ।

खरिदमध्ये विभिन्न वर्थिङ सेन्टरहरुमा ४४ थान वितरण गरी गत आ.व. को ४८ र यो वर्षको मौज्दात ६ समेत ५४ थान न्यानो झोला मौज्दातमा रहेको देखियो। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरी प्रतिवेदन लिएको देखिएन। मौज्दातमा रहेको न्यानो झोलाको गुणस्तरमा ह्रास नहुने गरी भण्डारको व्यवस्था मिलाउनुपर्छ ।

४२ **सुनौलो हजार दिन**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि २०८२ को दफा ६ को १(ख)मा विनियोजन बजेट सुनौलो हजार दिनका विपन्न महिला पोषण सुधारको लागि आयआर्जन अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्ने, साथै दफा ७ को २(झ)मा छनौट भएका लाभग्राहीलाई जनही रु.२५००० को दरले बैङ्क खातामा उपलब्ध गराउनुपर्ने र लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चित कार्यालयले गर्नुपर्ने कुरा उल्लेख छ।पालिकाले वडा नं ५ का बाख्रा पालनका लागि २३, कुखुरा पालनका लागि २ र भैंसी पालन, तरकारी खेती र बङ्गुर पालन गर्न १/१ गरी जम्मा २८ जनालाई प्रतिव्यक्ति रु.२५००० का दरले २८ जनालाई बीउपूँजी बापत रु.७०००००० नगदै भर्पाई गरेको पाइयो। साथै लाभग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चित हुने गरी पालिकाले अनुगमन गरेको पाइएन। पालिकाले कार्यविधिको पालना गरी अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ

४३ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **सामुदायिक सिकाइ केन्द्र**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,आर्थिक वर्ष २०८१।८२ को दफा ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) भरेका यी पाँच मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुस्ट रु. ३ लाख रकम अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१०००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। सामुदायिक सिकाइ केन्द्रले परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१००००।०० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्कमार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले तीन सामुदायिक अध्ययन/ सिकाइ केन्द्रलाई देहायअनुसार निकासा गरेकोमाकार्यक्रम कार्यान्वियन कार्यविधिमा व्यवस्था भएबमोजिम सबै मापदण्ड पूरा नगरी निकासा दिएको तथा परिचालिका पारिश्रमिकसमेत बैङ्किङ्ग प्रणालीमार्फत गरेको नदेखिएकोले उक्त खर्च नियमसम्मत नभएको रु.

| **सामुदायिक सिकाइ केन्द्र** | **भुक्तानी रकम** |
|---|---|
| बस्तीपुर सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| सामुदायिक सिकाइ केन्द्र अमले | ३००००० |
| शान्तेश्वरी सामुदायिक सिकाइ केन्द्र | ३००००० |

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

४५ **सेनिटरी प्याड**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार गर्नुपर्ने, वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने तथा प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने, विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउनुपर्ने, खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कायम हुने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।सेनिटरी प्याड खरिदमा रु.९ लाख २३३ हजार बजेट विनियोजन भएकोमा IEMIS अनुसार ८६७ विद्यार्थी गणना गरी ६ महिनाको लागि प्रतिएकाइ दर रु.७९ (भ्याटसहित) मा रु.९२३००० को १०४१६ प्याकेट स्यानीटरी हिमालयन डिष्ट्रिब्युटर्स बाट खरिद गरेको छ। खरिद गरेको १०४१६ कार्टुनको आधारमा वितरण गरी विद्यालयमा पठाएको पाइयो ।कार्यक्रम कार्यान्वयन कार्यविधिमा १० महिनाको लागि खरिद गर्नुपर्ने भनी उल्लेख भएकोमा पालिकाले ६ महिनाको लागि मात्र पुग्ने खरिद कार्य गरेको देखियो भने लागत अनुमान तयार गरेको पाइएन। पालिकाले सेनिटरी प्याडको वितरण ,उपयोग र उचित भण्डारन सम्बन्धमा विद्यालयमा अनुगमन गरेको देखिएन ।

४६ **दिवाखाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवाखाजा सम्बन्धी व्यवस्था छ। जसमा विद्यार्थीहरुलाई नियमित दिवा खाजा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गर्न पहिलो त्रैमासिकको सुरुमै नै बजेट निकासा गर्ने र स्थानीय तहले दोस्रो त्रैमासिकदेखि बजेट निकासा गर्दा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराइएका विद्यालयको स्थानीय तहले दिवा खाजाबापत रकम निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भएपछि मात्र खाजाबापतको अनुदान उपलब्ध गराउने व्यवस्था छ।प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ। पालिकाले दिवाखाजावापत विभिन्न समयमा दैनिक खाजा प्रतिविद्यार्थी रु.१५ का दरले ३५ विद्यालयहरुलाई रु. ४२१३७२० रकम निकासा गरेको छ। विद्यालयले दिवाखाजाबापत रकम माग गर्दा विद्यार्थी हाजिरी पेस भएको देखिएन। सबै विद्यार्थी सबै दिन उपस्थित भए भएन भन्ने यकिन गर्न विद्यार्थीको हाजिरी विवरण परीक्षण गर्ने गरेको देखिएन। IEMIS मा भएको विद्यार्थी सङ्ख्यासँग विद्यालयले पठाएको विद्यार्थी सङ्ख्याकाको तथ्याङ्कसँग रुजु गरी IEMIS र माग फारममध्ये जुनमा कम विद्यार्थी सङ्ख्या घटी छ सोहीलाई आधार मानी रकम निकासा गरेको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भएबमोजिम विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई अनुगमन गरी दिवा खाजावापतको रकम निकासा गर्नुपर्दछ।

४७ **प्रतिव्यक्ति लागत र शैक्षिक गुणस्तर**

प्रतिव्यक्ति लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहायअनुसार रहेको छ

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकार-सशर्त | १००८८३००० | ९०७६०३८६ | ३२९९ | ३४७३४ |
| स्थानीय सरकार | २५७६५००० | २३८२९५८८ | | |
| जम्मा | १२६६४८००० | ११४५८९९७४ | ३२९९ | ३४७३४ |

शैक्षिक गुणस्तर

यस पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१सालको एस. ई. ई. परीक्षामा देहायको विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको नतिजा देहायबमोजिम रहेको छ

| एस.ई.ई परिक्षामा सहभागी जम्मा विद्यार्थी संख्या | उतीर्ण विद्यार्थी संख्या | उतीर्ण प्रतिशत | जी.पी.ए को अवस्था | |
|---|---|---|---|---|
| सामुदायिक | सामुदायिक | सामुदायिक | जी.पी.ए | सामुदायिक |
| २४६ | २४३ | ९५.१२ | ३.६१-४.०० (A+) | १ |
| | | | ३.३१-३.६०(A) | ३५ |

माथिको तालिकाहरु अध्ययन गर्दा यस पालिकाअन्तर्गत विद्यालयका प्रतिविद्यार्थी लागत वार्षिक रु.३४७३४ रहेको देखिन्छ भने शैक्षिक गुणस्तरतर्फ हेर्दा एस.ई.ई. परीक्षामा सामुदायिक विद्यालयतर्फ २४६ जना एस.ई.ई. परीक्षामा सहभागी भएकोमा २४३ जनामात्र (९५.१२ प्रतिशत) उतीर्ण भएको देखिन्छ । सोमध्ये ३.६१-४.००(A+) जि.पि.ए. ल्याएर उतीर्ण हुने १ जना छन भने ३.२१-३.६०(A) जि.पि.ए. ल्याएर उतीर्ण हुने ३५ जना मात्र छन। यसरी सामुदायिक विद्यालयमा सरकारको लगानी भईरहँदा पनि शैक्षिक गुणस्तर कमजोर देखिन्छ। शैक्षिक गुणस्तरमा सुधार हुनेगरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

## ४८ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ३५ विद्यालयमध्ये १० विद्यालयको यो वर्षको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | सिदार्थ आ विआहले | १ | ७ | १:७ |
| २ | आ वि पटबाँस | ३ | २३ | १:७ |
| ३ | आ वि वछिउँटार | २ | १५ | १:७ |
| ४ | आ विदेवीस्थानभञ्याङ्ग | १ | ९ | १:९ |
| ५ | शाहीठाकुर आ विरातुचैनपुर | १ | ९ | १:९ |
| ६ | नेत्रकाली मावि आँपडाँडा रामपुर | १६ | ५८० | १:३६ |
| ७ | आ वि कोल्टार | ३ | ११० | १:३६ |
| ८ | जनजागृति मा विगोपे | २ | २६५ | १:३७ |
| ९ | नेत्रकाली मावि तामाजोर | ८ | ३२६ | १:४० |
| १० | शारदा मा विभैसे | ४ | २३७ | १:५९ |

उल्लिखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या ११७ जना रहेकोमा विद्यार्थी संख्या ३२९९ रहेको छ। पालिकाका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:०७ देखि अधिकतम १:५९ रहेको छ भने ३५ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेको छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ। आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्दछ।

## ४९ पढ्दै कमाउँदै

सामुदायिक विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को दफा ३(छ) मा विद्यालयमा कार्यक्रमको निरन्तरताको लागि जोड कोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै गर्न बीउ पूँजी उपलब्ध गराउने र कार्यक्रमसँग सम्बन्धित प्राप्त विभिन्न रकम जोड कोषमा जम्मा गरी सोही कोषबाट खर्च लेख्नुपर्ने भनी उल्लेख छ। पालिका अन्तर्गतको नेत्रकाली मा वि आँपडाँडामा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरेकोमा तरकारी बेर्ना, मौरी पालन, मौरी पालन, धान खेती बाट रु.३१९०० आम्दानी तथा रु.२०२०० खर्च भई रु.९७०० खुद बचत गरेको प्राप्त विवरणबाट देखिन्छ।बचत रकम जोड कोषमा जम्मा गरी पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

५० **शिक्षक दरबन्दी र पदपूर्ति**

शिक्षा नियमावली २०५९ को नियम ९२ मा मन्त्रालयको स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची १२ बमोजिम हुनुपर्ने कुरा उल्लेख छ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय सङ्ख्या | शिक्षक दरबन्दी सङ्ख्या | पदपूर्ती | पदपूर्तीमध्ये | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | |
| १ | ३५ | ११७ | ११७ | ७१ | ४६ | ३२९९ |

उल्लिखित विवरणअनुसार पालिकामा ३५ वटा विद्यालयमा ११७ शिक्षक दरबन्दी स्वीकृत गरेकोमा ७१ स्थायी, र ४६ करार गरी ११७ नियुक्ति गरिएको छ।

५१ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यो वर्ष ३५ सामुदायिक विद्यालयहरुलाई ७५ प्रतिशत हुने रकम पहिलो किस्ता र नपुगसमेत रु.१९२०७११ निकासा दिएकोमा कार्यक्रम कार्यान्वियन कार्यविधिमा उल्लिखित व्यवस्था बमोजिम विद्यार्थी संख्या, विषयगत र कक्षागत पाठ्यपुस्तकको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको देखिएन ।विद्यालयहरुले पेस गरेको पाठ्यपुस्तक खरिदको भर्पाई र EMIS मध्येमा जुन तथ्याङ्कमा विद्यार्थी सङ्ख्या कम देखिन्छ त्यसको आधारमा नपुग रकम शिक्षा शाखाबाट सिफारिस गरेको आधारमा निकासा दिइएको छ।यसरी निकासा गरिएको रकम नपुग रकममा २५ प्रतिशत बढी भएमा त्यसमा कटौती गरी बढीमा नपुग २५ प्रतिशत थप गरेको पाइयो। सत्यापन नगरी रकम निकासा गरेकोमा विद्यार्थी संख्या, कक्षागत र विषयगत विवरणको आधारमा पाठ्यपुस्तक रकम निकासा गरिएको यथार्थ छ भनी आश्वस्त हुन सकिएन। पाठ्यपुस्तक रकम निकासा गर्दा कार्यविधिको परिपालना हुनुपर्दछ।

५२ **बढी भुक्तानी**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२८,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT)**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन कार्यविधि आर्थिक वर्ष २०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी संख्याको आधारमा लागत अनुदान दिन सकिने र त्यसैगरी प्राविधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्नको लागि व्यावहारिक अभ्यास

कार्यान्वयन निर्देशिका २०७३ बमोजिम कक्षा १० पछि ३ महिना कक्षा ११ पछि ३ महिना कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था छ।पालिकाले नेत्रकाली मावि आँपडाडा अध्ययनरत ४२ विद्यार्थीको लागि प्रतिमहिना रु.१००० का दरले व्यावहारिक अभ्यास गर्न रु.४२००० विद्यालयलाई निकासा दिएको छ । विद्यालयले विद्यार्थीलाई बुझाएको भर्पाइको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : घ्याङलेख गाउँपालिका, सिन्धुली , घ्याङलेख गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दाताराम प्याकुरेल | २०८१-१-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेश्वर दाहाल | २०८०-७-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२५७,००६ | ६,०७७,०१२ | ३,६४१,६२० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १२,९७५,६३८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५,०९८,८०६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ७,८७६,८३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६८६७०१७३.१६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१४९१३२०० | चालु खर्च | २४९१३४१३८.७ |
| प्रदेश सरकारबाट अनुदान | ६२१९०००० | पूँजीगत खर्च | ९९४८१८४७.९१ |
| राजश्व बाँडफाँट | ९२६७४९९३.४३ | वित्तीय/अन्य व्यवस्था | ११३०६८४९७.९ |
| आन्तरिक आय | ५२२०८७१.१७ | | |
| अन्य आय | ६९२६२३२२.८९ | | |
| कुल आय | ४४४२६१३८७.४९ | कुल खर्च | ४६१६८४४८४.५१ |
| बाँकी मौज्दात | | ५१२४७०७६.१४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९०६५५५११ | ० | ९०६५५५११ | ८३५५४७११ | ० | ८३५५४७११ |
| १३००० | अनुदान | | २३६४९३६०१ | ० | २३६४९३६०१ | २५०३१०२४० | ० | २५०३१०२४० |
| १४००० | अन्य राजस्व | | ४५८६२५९ | ० | ४५८६२५९ | ४६१३७०९ | ० | ४६१३७०९ |
| १५००० | विविध प्राप्ति | | २४१९१४१ | ० | २४१९१४१ | ३३८१७६ | ० | ३३८१७६ |
| क | कुल जम्मा प्राप्ति | | ३३४१५४५१३ | | ३३४१५४५१३ | ३३८८१६८३६ | | ३३८८१६८३६ |
| ३ | चालु | | २४९१३४१३९ | ० | २४९१३४१३९ | २१९४८४६५२ | ० | २१९४८४६५२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३८९८९५४५ | ० | १३८९८९५४५ | १४८१५८०६६ | ० | १४८१५८०६६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८७०२८६९५ | ० | ८७०२८६९५ | ५२६०९१६३ | ० | ५२६०९१६३ |
| २५००० | सहायता (Subsidy) | | ६७८३१०६ | ० | ६७८३१०६ | ७२६८०८७ | ० | ७२६८०८७ |
| २६००० | अनुदान | | ६७६६८५६ | ० | ६७६६८५६ | ३३११०० | ० | ३३११०० |
| २७००० | सामाजिक सुरक्षा | | ८२४८८३७ | ० | ८२४८८३७ | १००८१३३५ | ० | १००८१३३५ |
| २८००० | अन्य खर्च | | १३१७१०० | ० | १३१७१०० | १०३६९०० | ० | १०३६९०० |
| ४ | पूंजीगत | | १०२७०९६४८ | ० | १०२७०९६४८ | १११११७४२१ | ० | १११११७४२१ |
| ३१११० | भवन तथा संरचना | | ३०५७९४९८ | ० | ३०५७९४९८ | १३९७९७४० | ० | १३९७९७४० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | १५९२८०८६ | ० | १५९२८०८६ | ४२८४२०१ | ० | ४२८४२०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ३५५३९५० | ० | ३५५३९५० |
| ३११४० | सुरक्षा उपकरण | | ८८२११२ | ० | ८८२११२ | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ५४०१६७९४ | ० | ५४०१६७९४ | ८९०४२११८ | ० | ८९०४२११८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १३०३१५८ | ० | १३०३१५८ | २५७४१२ | ० | २५७४१२ |
| ख) | कुल जम्मा भुक्तानी | | ३५१८४३७८७ | | ३५१८४३७८७ | ३३०६०२०७३ | | ३३०६०२०७३ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१७६८९२७४ | | -१७६८९२७४ | ८२१४७६३ | | ८२१४७६३ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | ३१२२४ | | ३१२२४ | ३६९३१०२ | | ३६९३१०२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | २३४९५३ | | २३४९५३ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१७६५८०५० | | -१७६५८०५० | ११९०७८६५ | | ११९०७८६५ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ६८९०५१२६ | | ६८९०५१२६ | ५६९९७२६१ | | ५६९९७२६१ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा | | ५१२४७०७६ | | ५१२४७०७६ | ६८९०५१२६ | | ६८९०५१२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।